जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०५३५५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १०६ पृष्ठः ४ | २०८३ साउन ३१ आइतबार (Sunday 16 Aug. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## लहानमा तत्काल ट्रमा युनिट सञ्चालन हुन्छ : मन्त्री मेहता



लहान, ३० साउन। स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले सिरहाको लहानस्थित अस्पतालमा तत्काल ट्रमा युनिट सञ्चालनमा ल्याइने घोषणा गरेकी छिन्। राजमार्गमा हुने दुर्घटना र घाइतेहरूको उपचारलाई मध्यनजर गर्दै मन्त्री मेहताले यस्तो प्रतिबद्धता व्यक्त गरेकी हुन्। लहानमा आयोजित एक कार्यक्रममा बोल्दै मन्त्री मेहताले पूर्ण क्षमताको ट्रमा सेन्टर निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर), भवन निर्माण र विशेषज्ञ चिकित्सकको व्यवस्थापन गर्न समय लाग्ने भएकाले तत्कालका लागि 'ट्रमा युनिट' मार्फत सेवा सुचारु गर्न लागिएको जानकारी दिइन्।

उनका अनुसार प्रदेश सरकारले हालै २९ जना विशेषज्ञ चिकित्सकहरू पठाइसकेको छ। 'ट्रमा सेन्टर एक दीर्घकालीन प्रक्रिया हो, जसमा बहुविशेषज्ञ चिकित्सकहरू आवश्यक पर्छन्। तर लहान राजमार्गमा अवस्थित भएको र यहाँ सिटी स्क्यान, ब्लड बैंक तथा आँखा अस्पताल जस्ता पूर्वाधारहरू उपलब्ध रहेकाले हामी तत्काल ट्रमा युनिट शुरु गर्न सक्छौं,' उनले भनिन्, 'विगतको १८ अर्ब रुपैयाँ बक्यौतामध्ये फागुनसम्मको भुक्तानी भइसकेको छ। बीमाका केही प्याकेजहरू अवैज्ञानिक रहेकाले त्यसलाई पुनरावलोकन (

**–बाँकी दुई पेजमा**

## विद्युत सट भई आगलागी हुँदा चार लाख बराबरको क्षति

**मणिलाल विश्वकर्मा**

लहान, ३० साउन। सिरहाको कल्याणपुर नगरपालिका-९ डुमरी गाउँमा विद्युत सट भई आगलागी हुँदा करिब चार लाख रुपैयाँ मूल्य बराबरको धनमाल जलेर नष्ट भएको छ। प्रहरीका अनुसार शनिबार बिहान करिब १ बजेतिर धनुवा मण्डल खत्वेको काठ, बाँसको भित्ता र जस्ताको छानो हालिएको दुई कोठाको एक तले घरसहित धनमाल जलेर नष्ट भएको हो।



आगलागी भएको सूचना पाए लगत्तै कल्याणपुरस्थित इलाका प्रहरी कार्यालयका प्रहरी सहायक निरीक्षक राजिवराज शर्माको कमाण्डमा खटिएको टोलीले गोलबजारबाट गएको बारुण यन्त्र र स्थानीय बासिन्दाको सहयोगमा करिब एक घण्टापछि आगो पूर्ण रुपमा निभाइएको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।


उनका अनुसार आगलागीमा जस्ता हालिएको घरसहित घरभित्र राखिएको लत्ताकपडा, भाँडावर्तन, धान चामल, गहुँ, पानी तान्ने विद्युतीय मोटर, डिजेल र काठको प्लाईसहित करिब चार लाख रुपैयाँ बराबरको आर्थिक क्षति भएको तर मानवीय तथा चौपायाँको क्षति भएको छैन।

## पुजारीको वेशमा लुकिछिपी बस्दै आएका ज्यान मुद्दाका फरार प्रतिवादी ४३ वर्षपछि पक्राउ

**मणिलाल विश्वकर्मा**

लहान, ३० साउन। नयाँ वर्षको अवसरमा गाउँमा रहेको मन्दिरमा बोका चढाउने विषयमा भएको विवादपछि कुटपिट गरी हत्या गरिएको घटनामा संलग्न रहेको अदालतको ठहरपछि एक वर्ष कैद सजायको फैसला सुनाइएका वृद्ध ४३ वर्षपछि पक्राउ परेका छन्।

सिरहाको लक्ष्मीपुरपतारी गाउँपालिका- ५ का (साबिक खरुकियाही गाउँ पञ्चायत- ४) का करिब ८० वर्षीय ठकाई यादवलाई पुजारीको वेशमा लुकिछिपी बस्दै आएको अवस्थामा बिहीबार स्थानीय शिव मन्दिरबाट पक्राउ गरिएको हो। जिल्ला प्रहरी



कार्यालय सिराहाका अनुसार इलाका प्रहरी कार्यालय महेशपुरपतारका प्रमुख प्रहरी निरीक्षक विशाल मल्लको कमान्डमा खटिएको प्रहरी टोलीले यादवलाई पक्राउ गरी आवश्यक प्रक्रिया पुऱ्याएर सजायअनुसारको कारबाहीका लागि अदालतमा बुझाइएको छ।

**यादव ४३ वर्षअघिको घटनाका मतियार**

तत्कालीन खरुक्याही गाउँ पञ्चायत- ४ का बालेश्वर यादवको जाहेरीको आधारमा घटनाका मुख्य योजनाकार मौजेलाल यादव र मतियारको रूपमा ठकाईसहित १२ जनाविरुद्ध कर्तव्य ज्यानसम्बन्धी मुद्दा चलाइएको थियो। १ वैशाख २०४१ मा गाउँको राजदेवी मन्दिरपरिसरमा लागेको मेलामा बोका चढाउने क्रममा विवाद भएपछि मौजेलालको योजनामा भारतबाट समेत पहलवान बोलाएर स्थानीय रजिन्द्र यादवलाई घेरा हालेर कुटपिट गरी हत्या

**–बाँकी तीन पेजमा**



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।
- सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## घाँस काट्न गएकी महिलामाथि हत्या प्रयास

सिरहाको कल्याणपुर नगरपालिका–४ मोहोरिया टोलमा घाँस काट्न गएकी स्थानीय महिला चन्द्रकलादेवी यादवमाथि गरगहना लुट्ने उद्देश्यले भएको हत्या प्रयासले ग्रामीण समाजमा महिलाको सुरक्षामाथि गम्भीर प्रश्न खडा गरेको छ। खेतबारीमा दैनिक जीवनको सामान्य काम गरिरहेकी एक महिलालाई पछाडिबाट घाँटी समातेर हँसिया खोस्दै घाँटी रेट्नु केवल एउटा आपराधिक घटना होइन, समाजमा बढिरहेको असुरक्षा र अपराधीको निर्भीकताको भयावह संकेत हो।

गत ५ असारको अपराह्न करिब ४० वर्षीया यादव घरमा पालेका वस्तुभाउका लागि घाँस काटिरहेका बेला करिब ३५ वर्षीय इसरुल कवारीले पछाडिबाट आक्रमण गरेको प्रहरीको भनाइ छ। हातमा रहेको हँसिया खोसेर उनको घाँटीमा करिब एक इन्च गहिरो र ६ इन्च लामो घाउ हुने गरी रेटिएको थियो। गम्भीर घाइते भएर रक्ताम्य भई ढलेकी यादवको शरीरमा रहेका सुनका गहना लुटेर आरोपी फरार भएको घटनाले अपराधको उद्देश्य कति निर्मम र योजनाबद्ध थियो भन्ने देखाउँछ।

घटनाको ५२औँ दिनमा आरोपी पक्राउ पर्नु प्रहरी अनुसन्धानको उपलब्धि हो। फरार रहेका कवारीलाई धनगढीमाई नगरपालिका–११ बाट पक्राउ गरी इलाका प्रहरी कार्यालय मिर्चैयामा राखेर अनुसन्धान अघि बढाइएको छ। तर, पक्राउ मात्रले यस्ता घटनाको समाधान हुँदैन। घटनाको वास्तविक कारण, अपराधको योजना, सहयोगी वा अन्य संलग्नता भए–नभएको तथा लुटिएको सम्पत्तिको अवस्थासमेत निष्पक्ष अनुसन्धानबाट बाहिर आउनुपर्छ।

यस घटनाले अर्को महत्वपूर्ण प्रश्न पनि उठाएको छ, ग्रामीण क्षेत्रमा महिलाको सुरक्षा कति सुनिश्चित छ? गाउँघरमा महिलाहरू बिहानदेखि साँझसम्म खेत, घाँस, दाउरा र पशुपालनजस्ता काममा संलग्न हुन्छन्। उनीहरू प्रायः एक्लै खेतबारी वा सुनसान क्षेत्रमा पुग्नुपर्ने बाध्यता हुन्छ। यस्तो अवस्थामा आपराधिक मानसिकता भएका व्यक्तिले महिलालाई कमजोर लक्ष्य ठान्ने जोखिम रहन्छ। त्यसैले ग्रामीण सुरक्षा व्यवस्थालाई केवल बजार र मुख्य सडक केन्द्रित राखेर पुग्दैन।

अझ चिन्ताजनक पक्ष, गहना वा नगदका लागि मानिसको ज्यान लिनसमेत पछि नपर्ने प्रवृत्ति हो। आर्थिक अभावलाई अपराधको कारण देखाएर हिंसालाई सामान्यीकरण गर्न सकिँदैन। गरगहना केही तोला हुन सक्छन्, नगद केही हजार हुन सक्छन्न तर त्यसका लागि कसैको जीवनमाथि आक्रमण गर्ने अधिकार कसैलाई छैन। समाजले यस्तो मानसिकतालाई कठोर रूपमा अस्वीकार गर्नुपर्छ।

अब प्रहरी अनुसन्धानलाई परिणाममुखी बनाउनु आवश्यक छ। पीडित महिलाको स्वास्थ्य, सुरक्षा र न्याय सुनिश्चित गर्नुपर्छ। आरोपीमाथि प्रमाणका आधारमा कानुनी कारबाही अघि बढाइनुपर्छ। साथै, यस्ता घटना दोहोरिन नदिन स्थानीय तह, प्रहरी र समुदायबीच सुरक्षा संयन्त्र प्रभावकारी बनाउनुपर्छ। सुनसान खेतबारी क्षेत्रमा नियमित गस्ती, स्थानीय सूचना संयन्त्र र जोखिममा रहेका महिलालाई सुरक्षा सचेतना दिनेजस्ता उपाय उपयोगी हुन सक्छन्।

चन्द्रकलादेवी यादवको जीवन बच्नु सुखद पक्ष हो। तर उनको घाँटीमा लागेको घाउले समाजको विवेकमा पनि एउटा प्रश्न कोरेको छ, के ग्रामीण महिला आफ्नो दैनिक कामका लागि घरबाट निस्कँदा पनि ज्यानको जोखिम बोकेर निस्कनुपर्ने हो? अपराधी पक्राउ परेको खबरले पीडितलाई न्यायको आशा दिएको छ। अब त्यो आशा कानुनी परिणाममा परिणत हुनुपर्छ। अपराध रोक्ने प्रहरीको सक्रियता, न्याय दिने राज्यको दृढता र अपराधविरुद्ध उभिने समाज, यी तीनै पक्ष बलियो भए मात्र यस्ता घटना नियन्त्रण गर्न सकिन्छ। महिलाको सुरक्षा कुनै अतिरिक्त सुविधा होइन, राज्य र समाजको अनिवार्य जिम्मेवारी हो।

### *लहानमा तत्काल ...*

रिभ्यु) गर्ने काम भइरहेको छ।'

स्वास्थ्य बीमाको सन्दर्भमा उठेका प्रश्नहरूको जवाफ दिँदै मन्त्री मेहताले बीमा कार्यक्रम पूर्ण रूपमा बन्द नभएको स्पष्ट पारिन्। निजी अस्पतालहरूमा मात्र बीमा सेवा रोकिएको र सरकारी अस्पतालहरूमा यो यथावत रहेको जानकारी उनले दिइन्।

# साझा भविष्यको खोज : विश्व व्यवस्था, एसिया र नेपालको भूमिका



डा. ठाकुरमोहन श्रेष्ठ

विश्व व्यवस्था बदलिँदै छ। प्रश्न शक्ति कसको हातमा पुग्छ भन्नेमात्र नभएर त्यसले विश्वलाई कस्तो बनाउँछ भन्ने पनि हो। शक्ति सन्तुलन, प्रविधि, अर्थतन्त्र, जलवायु र जनसांख्यिकीमा भइरहेको परिवर्तनले २०औँ शताब्दीमा बनेका अन्तर्राष्ट्रिय संस्था र शक्ति सम्बन्धको प्रासंगिकतामाथि पनि प्रश्न उठाएको छ। एक ुवीयताबाट बहु ुवीयता हुँदै बहुस्तरीय व्यवस्थातर्फको संक्रमणले सुरक्षा, विकास, लोकतन्त्र र सार्वभौमिकतालाई पुनर्विचार गर्न बाध्य पारेको छ। चुनौती पुरानो व्यवस्था अस्वीकार गर्नु नभई बदलिँदो विश्वअनुकूल शक्ति, जिम्मेवारी, न्याय र मानवहितबीच नयाँ सन्तुलन खोज्नु हो। यसमा एसियाको बढ्दो भूमिका र नेपालजस्ता साना राष्ट्रको स्थान महत्त्वपूर्ण हुन्छ। विश्व शक्ति प्रतिस्पर्धाको मैदानमात्र होइन सहकार्य, सहअस्तित्व र साझा भविष्यको सम्भावना पनि हो।

**विश्व व्यवस्था बहु ुवीयताभन्दा बहुस्तरीयतातर्फ**

दोस्रो विश्वयुद्धपछि बनेको अन्तर्राष्ट्रिय व्यवस्थाले संयुक्त राष्ट्रसंघ, वित्तीय संस्था र बहुपक्षीय सहकार्यलाई विश्व शान्ति र विकासको आधार बनायो। तर विश्व एक ुवीयताबाट बहु ुवीयता हुँदै विभिन्न शक्ति, क्षेत्र, संस्था, प्रविधि र गैरराज्य पात्रको प्रभाव रहने बहुस्तरीय विश्व व्यवस्थातर्फ बढिरहेको छ। यस व्यवस्थामा शक्ति राष्ट्रहरूमा मात्र केन्द्रित हुँदैन। क्षेत्रीय शक्ति, अन्तर्राष्ट्रिय संस्था, प्रविधि, बजार र गैरराज्य पात्रबीच अनेक तहमा शक्ति बाँडिन्छ।

अमेरिका–चीन प्रतिस्पर्धा व्यापार, प्रविधि, आपूर्ति शृङ्खला र रणनीतिक प्रभावसम्म फैलिएको छ। चीन–रूस सम्बन्ध निकट छ। भारतले अमेरिका तथा पश्चिमसँग सहकार्य बढाउँदै रूस, ब्रिक्स र ग्लोबल साउथसँग पनि सम्बन्ध राखेर रणनीतिक स्वायत्तता खोजिरहेको छ। युरोपेली संघले व्यापार, प्रविधि, नियमन र जलवायु नीतिमार्फत आफ्नो प्रभाव विस्तार गरिरहेको छ। पाकिस्तान, टर्की र साउदी अरबबीचको मक्का संयुक्त रक्षा सम्झौताले क्षेत्रीय शक्ति समीकरणमा नयाँ प्रवृत्ति देखाउँछ।

विश्व व्यवस्था अब शक्तिको बाँडफाँटमात्र नभएर साना राष्ट्रहरूको सार्वभौमिकता, नीति स्वतन्त्रता र भविष्य निर्धारण गर्ने अधिकारसँग पनि जोडिएको प्रश्न भएको छ। त्यसैले बहु ुवीयता मात्र पर्याप्त छैन। शक्ति, जिम्मेवारी, प्रतिनिधित्व र सहकार्यबीच सन्तुलन आवश्यक छ।

**सुरक्षा, अर्थतन्त्र र प्रविधिको नयाँ सम्बन्ध**

एक्काइसौं शताब्दीमा राष्ट्रिय सुरक्षा सीमा र सैन्य शक्तिमा मात्र सीमित छैन। आर्थिक, ऊर्जा, मानव, खाद्य, जल, वातावरणीय, स्वास्थ्य, साइबर, सूचना, कृत्रिम बुद्धिमत्ता (एआई), आपूर्ति शृङ्खला, रणनीतिक पूर्वाधार, अवैध वित्तीय प्रवाह र संगठित अपराध यसका अभिन्न आयाम बनेका छन्। सुरक्षा र अर्थतन्त्रबीचको परम्परागत विभाजन मेटिँदैछ। व्यापार, प्रविधि, लगानी, वित्त र आपूर्ति शृंखला भूराजनीतिक अर्थतन्त्रका उपकरण बनेका छन्। अमेरिका–चीन प्रतिस्पर्धामा प्रविधि र आपूर्ति शृङ्खलामाथिको निर्भरता घटाउने प्रयासले आर्थिक सम्बन्धलाई रणनीतिक शक्तिमा रूपान्तरण गरेको छ।

विश्व वित्तीय व्यवस्थामा स्थानीय मुद्रा र वैकल्पिक सीमापार भुक्तानीको प्रयास बढे पनि डलरको भूमिका बलियो छ। वित्तीय विविधीकरणले निर्भरता र जोखिम घटाउन सक्छ तर नयाँ प्रतिस्पर्धा पनि जन्माउन सक्छ। नेपालका लागि बेल्ट एन्ड रोड इनिसिएटिभ, मिलेनियम च्यालेन्ज कर्पोरेसन, स्टेट पार्टनरसिप प्रोग्रामलगायत बाह्य साझेदारीलाई राजनीतिक ुवीकरणभन्दा माथि उठेर राष्ट्रिय हित, पारदर्शिता, सार्वभौमिक निर्णय क्षमता, सुरक्षा संवेदनशीलता र दीर्घकालीन लाभका आधारमा मूल्याङ्कन गर्नुपर्छ।

एआई, साइबर जोखिम, दुष्प्रचार र डेटा नियन्त्रणले शक्ति–समीकरण बदल्दैछन्। भविष्यको शक्ति सैन्य वा आर्थिक आकारले मात्र होइन, प्रविधि, डेटा, ज्ञान र नवप्रवर्तनको क्षमताले पनि निर्धारण गर्नेछ। संयुक्त राष्ट्र विकास कार्यक्रमको मानव विकास प्रतिवेदन (सन् १९९४) ले सुरक्षाको अवधारणालाई भूभाग र हतियारबाट मानव जीवन, गरिमा र विकासतर्फ विस्तार गरेको थियो। आजका परस्पर जोडिएका जोखिमले यसलाई अझ व्यापक बनाएका छन्। त्यसैले आधुनिक राष्ट्रिय सुरक्षा मानवकेन्द्रित, समग्र र पूर्वसावधानीमा आधारित राष्ट्रिय क्षमता हो।

नेपालजस्ता साना मुलुकले रणनीतिक निर्भरता घटाउँदै ऊर्जा, खाद्य, डिजिटल र आपूर्ति सुरक्षामा लचिलोपन बढाउनुपर्छ। साथै, विदेशी सैन्य सेवामा नागरिकको संलग्नताबारे सार्वभौमिकता, नागरिक दायित्व र राष्ट्रिय सुरक्षासँग मिल्ने स्पष्ट कानुनी तथा कूटनीतिक मापदण्ड आवश्यक छ।

**विकास, लोकतन्त्र र नयाँ पुस्ताको प्रश्न**

आर्थिक वृद्धिमात्र विकासको सम्पूर्ण मापदण्ड होइन। बजार, प्रविधि र विश्वव्यापीकरणले अवसर विस्तार गरे पनि असमानता, रोजगारीको अनिश्चितता, डिजिटल विभाजन र सामाजिक विश्वासको क्षयले न्यायपूर्ण तथा मानवकेन्द्रित विकासको प्रश्न उठाएका छन्। विकासको मूल्याङ्कन उत्पादनबाट मात्र होइन जीवनस्तर, अवसरको समानता, लाभको वितरण र भविष्य निर्धारण गर्ने क्षमताबाट हुनुपर्छ। सूचना प्रविधि र सामाजिक सञ्जालले अभिव्यक्ति, संगठन र नागरिक निगरानीका अवसर बढाएका छन् तर दुष्प्रचार, ुवीकरण र संस्थागत विश्वासको संकट पनि बढेको छ। दक्षिण एसियाका युवा आन्दोलनले रोजगारी, सुशासन, प्रतिनिधित्व र जवाफदेहीका प्रश्न उठाएका छन्।

कृत्रिम बुद्धिमत्ता (एआई) ले विकास, रोजगारी र शासनलाई नयाँ चरणमा पुर्‍याएको छ। अन्तर्राष्ट्रिय श्रम संगठनको २०२५ अध्ययनअनुसार करिब एकचौथाइ कामदार एआईबाट प्रभावित हुन सक्ने रोजगारीमा छन्। तर अधिकांश रोजगारी हराउनेभन्दा कामको स्वरूप परिवर्तन हुने सम्भावना बढी छ। त्यसैले शिक्षा, सीप, नवप्रवर्तन र मानव क्षमतामा लगानी विकासको केन्द्र हुनुपर्छ। शक्तिराष्ट्रहरूले कूटनीति, आर्थिक सहयोग, विकास साझेदारी र सूचनामार्फत प्रभाव विस्तार गर्छन्। बाह्य प्रभावले निर्वाचन, नीति निर्माण वा विकास प्राथमिकतामा अस्वाभाविक असर पार्दा राजनीतिक स्वायत्तता, संस्थागत विश्वास र स्थिरता कमजोर हुन सक्छ। त्यसैले साना राष्ट्रका लागि लोकतन्त्र स्वतन्त्र निर्वाचनका साथै निर्णय प्रक्रियाको स्वायत्तता जोगाउने संस्थागत र रणनीतिक लचिलोपन पनि हो।

नयाँ पुस्ताको ऊर्जा र पुरानो पुस्ताको अनुभवबीच द्वन्द्व होइन संवाद आवश्यक छ। लोकतन्त्रको शक्ति निर्वाचनमा मात्र होइन विश्वास, सहभागिता, सुशासन र जवाफदेहीमा निहित हुन्छ। एक्काइसौं शताब्दीको मूल प्रश्न 'कसले शासन गर्छ?' मात्र नभएर 'कसरी, कसका लागि र कति जवाफदेही भएर शासन गर्छ?' भन्ने पनि हो।

**एसिया शक्ति प्रतिस्पर्धाबाट साझा सम्भावनातर्फ**

एक्काइसौं शताब्दीमा एसिया विश्व शक्ति, अर्थतन्त्र र जनसांख्यिकीको केन्द्र बन्दैछ। चीनको आर्थिक उदय, भारतको बढ्दो प्रभाव, जापान र दक्षिण कोरियाको प्रविधिगत क्षमता तथा आसियानको सक्रियताले विश्व शक्तिको केन्द्र एसियातर्फ सर्दै गएको देखाउँछन्। ठूलो जनसंख्या, विशाल बजार, उत्पादन क्षमता, प्रविधि र युवा श्रमशक्ति यसका आधार हुन्। तर एसियाको शक्ति आर्थिक र सामरिकमात्र होइन हिन्दु, बौद्ध, कन्फ्युसियस, इस्लामलगायत विविध सभ्यता, संस्कृति र जीवनदृष्टिको सहअस्तित्व पनि यसको विशिष्ट सम्पदा हो। यही विविधता प्रतिस्पर्धाको कारण नभई संवाद, सहअस्तित्व र साझा समृद्धिको आधार बन्न सक्छ।

एसिया पनि चुनौतीमुक्त भने छैन। शक्ति प्रतिस्पर्धा, क्षेत्रीय अस्थिरता, प्राकृतिक प्रकोप, जलवायु परिवर्तन तथा ऊर्जा, खाद्य र प्रविधिमा असमान पहुँचले सहकार्यको आवश्यकता बढाएका छन्। जनसांख्यिक लाभलाई शिक्षा, सीप, प्रविधि र रोजगारीसँग जोड्न सक्ने राष्ट्रहरूले आगामी दशकमा आर्थिक अग्रता लिन सक्नेछन्। यसर्थ एसियाको भविष्य अर्को शक्ति ुव बन्ने प्रतिस्पर्धाभन्दा विविधता, मानव पुँजी, सहअस्तित्व र साझा हितलाई सहकार्यमा रूपान्तरण गर्ने क्षमतामा निर्भर छ। यही परिवर्तन नेपालका लागि चुनौतीमात्र होइन रणनीतिक अवसर पनि हो।

**बदलिँदो क्षेत्रीय सुरक्षा र नयाँ साझेदारी**

अमेरिका–चीन प्रतिस्पर्धा, भारत–चीन सम्बन्ध तथा इन्डो–प्यासिफिक, आसियान, क्वाड, अउकस र बीआरआईजस्ता पहलले एसियाको शक्ति समीकरण र सुरक्षा वातावरण पुनःपरिभाषित गरिरहेका छन्। सार्क र बिमस्टेक तथा ऊर्जा, व्यापार र सम्पर्क सहकार्यले प्रतिस्पर्धाबीच पनि सहकार्यको सम्भावना देखाएका छन्। क्षेत्रीय सुरक्षा संरचनामा धार्मिक वा जातीय पहिचानमा आधारित ुवीकरणका प्रवृत्तिसमेत देखिन्छन्। साउदी अरब, पाकिस्तान र टर्कीबीचको मक्का संयुक्त रक्षा सम्झौताजस्ता पहलले नयाँ सुरक्षा समीकरणको संकेत गर्छन्। यस्तो सहकार्यले सुरक्षा क्षमता बढाए पनि धार्मिक वा जातीय विभाजनलाई रणनीतिक प्रतिस्पर्धाको आधार बन्न नदिई संवाद, समावेशी सुरक्षा र सहअस्तित्वलाई प्राथमिकता दिनुपर्छ।

भारत र चीनबीच अवस्थित नेपालका लागि छिमेकी सम्बन्ध सुरक्षा र परराष्ट्र नीतिमात्र नभई अर्थतन्त्र, सम्पर्क, ऊर्जा, सीमा व्यवस्थापन र राष्ट्रिय स्वायत्ततासँग जोडिएको रणनीतिक प्रश्न हो। दुवै छिमेकीसँग पारस्परिक सम्मान, समानता, विश्वास र राष्ट्रिय हितमा आधारित सम्बन्ध कायम गर्दै शक्ति ुवको प्रतिस्पर्धामा नफसी रणनीतिक स्वायत्तता र सन्तुलित कूटनीति अवलम्बन गर्नुपर्छ। सीमा विवाद आपसी सद्भाव, प्रमाण र ऐतिहासिक अभिलेखका आधारमा कूटनीतिक माध्यमबाट समाधान हुनुपर्छ। लिपुलेक–लिम्पियाधुरा–कालापानी नेपालको सार्वभौमिकता र राष्ट्रिय संवेदनशीलतासँग जोडिएको विषय हो। नेपालको धारणा र कूटनीतिक पहललाई बेवास्ता गरी विवादित भूभागमा गतिविधि अघि बढाइनु दीर्घकालीन समाधान होइन।

अनियमित आप्रवासन, परिचय

–बाँकी तीन पेजमा

### साझा भविष्यको ...

प्रमाणीकरण, मानव तस्करी र सीमा व्यवस्थापन महत्वपूर्ण सुरक्षा सरोकार हुन्। नेपाल १९५१ को शरणार्थी महासन्धि र १९६७ को प्रोटोकलको पक्षराष्ट्र होइन र शरणार्थीसम्बन्धी व्यापक राष्ट्रिय कानुनी व्यवस्था पनि छैन। यस्तो अवस्थामा रोहिङ्ग्यालगायत शरणार्थी प्रवाहलाई मानवीय दायित्व, राष्ट्रिय क्षमता, सीमा व्यवस्थापन र राष्ट्रिय सुरक्षाबीच सन्तुलन कायम हुने स्पष्ट कानुनी तथा नीतिगत ढाँचाबाट व्यवस्थापन गर्न आवश्यक छ।

यसरी क्षेत्रीय शक्ति समीकरणलाई चुनौतीमात्र होइन, व्यापार, ऊर्जा, सम्पर्क र क्षेत्रीय सहकार्यका अवसरका रूपमा उपयोग गर्नु नेपालको प्राथमिकता हुनुपर्छ। नेपालको सुरक्षा र समृद्धिको आधार कुनै शक्ति ध्रुवसँगको निकटता नभई सबैसँग विश्वास, राष्ट्रिय हितमा रणनीतिक स्वायत्तता र सन्तुलित क्षेत्रीय सहकार्य हो।

**नेपालको रणनीतिक स्वायत्तता र हिमालयीय भूमिका**

नेपालको भौगोलिक अवस्थिति चुनौतीमात्र होइन रणनीतिक अवसर पनि हो। भारत र चीनबीचको अवस्थालाई निर्भरता होइन, सन्तुलित कूटनीति, आर्थिक विविधीकरण र क्षेत्रीय सम्पर्कको आधार बनाउन सकिन्छ। यसका लागि कुनै शक्ति ुवको पक्षधरता होइन, राष्ट्रिय हितमा आधारित खुला, सन्तुलित र रणनीतिक स्वायत्त सहभागिता आवश्यक छ। हिमालयलाई सीमारेखामात्र होइन जल, जलवायु, जैविक विविधता, ऊर्जा र सभ्यताबीचको साझा सम्पदाका रूपमा हेर्नुपर्छ। जल तथा जलवायु कूटनीतिमार्फत नेपालले क्षेत्रीय सहकार्यलाई नयाँ आयाम दिन सक्छ। हिमालय संरक्षणलाई क्षेत्रीय शान्ति, खाद्य, जल र मानव सुरक्षासँग जोडिएको साझा एजेन्डा बनाउन सकिन्छ।

नेपालको सभ्यतागत विविधता, बुद्धको शान्ति सन्देश, बहुसांस्कृतिक सहअस्तित्व र शान्तिप्रक्रियाको अनुभवलाई सभ्यतागत कूटनीतिक सम्पदाका रूपमा प्रस्तुत गर्न सकिन्छ। यसले नेपाललाई भूराजनीतिक प्रतिस्पर्धाको सीमित भूगोलबाट उठाएर संवाद, शान्ति र सहकार्यको सेतुका रूपमा स्थापित गर्न सक्छ। आर्थिक र रणनीतिक स्वायत्तता कूटनीतिक अवधारणामात्र होइन। यो त ऊर्जा, खाद्य, प्रविधि, डिजिटल क्षमता, मानव पुँजी, उत्पादन र उद्यमशीलतामा राष्ट्रिय क्षमता निर्माण पनि हो। भारत र चीनसँगको सम्बन्धलाई व्यापार, ऊर्जा, पर्यटन र क्षेत्रीय सम्पर्कसँग जोड्दै युवाशक्तिलाई दक्ष मानव पुँजीमा रूपान्तरण गर्नु नेपालको दीर्घकालीन प्राथमिकता हो।

**साझा भविष्य**

नेपालले के योगदान गर्न सक्छ ? बदलिँदो विश्व व्यवस्था शक्ति प्रतिस्पर्धाबाट मात्र निर्देशित हुन सक्दैन। यसको भविष्य सहकार्य, सहअस्तित्व, साझा सुरक्षा र मानवकेन्द्रित विकासमा निर्भर छ। शक्ति पर्याप्त छैन त्यससँगै जिम्मेवारी, न्याय र उत्तरदायित्व आवश्यक छन्। राष्ट्रिय हित र अन्तर्राष्ट्रिय सहकार्यबीच सन्तुलन आवश्यक छ। नेपाल विश्वशक्ति होइन। तर हिमालयीय भूगोल, जलसम्पदा, सभ्यतागत विविधता, शान्तिको अनुभव र रणनीतिक अवस्थितिले उसलाई विशिष्ट सम्भावना दिएको छ। नेपालले भूगोललाई अवसर र विविधतालाई शक्ति बनाउँदै शान्ति, जलवायु न्याय, हिमालय संरक्षण र क्षेत्रीय सहकार्यमा योगदान दिन सक्छ।

नेपालको भूमिका कुनै शक्ति ध्रुवको पक्ष लिनु नभएर सबैसँग मित्रता, राष्ट्रिय हितमा रणनीतिक स्वायत्तता र साझा हितमा सक्रिय सहकार्य हो। युवा शक्तिलाई दक्ष मानव पुँजी र सभ्यतागत सम्पदालाई विश्व योगदानमा रूपान्तरण गर्दै नेपालले बदलिँदो विश्व व्यवस्थामा आफ्नो स्थान निर्माण गर्न सक्छ। साझा भविष्य शक्ति–प्रतिस्पर्धाबाट होइन, सहकार्य र साझा जिम्मेवारीबाट निर्माण हुन्छ। विश्वलाई नयाँ ुव होइन, नयाँ संवाद, सन्तुलन र साझा दृष्टिकोण चाहिएको छ। नेपालले हिमालयीय पहिचान, सभ्यतागत सम्पदा र मानव क्षमतालाई विश्वहितसँग जोड्न सकेमा शक्ति प्रतिस्पर्धाबीच सहअस्तित्वको सेतु बन्न सक्छ। यही साझा भविष्यको खोज हो। *(सशस्त्र प्रहरीका पूर्वअतिरिक्त महानिरीक्षक तथा केन्द्रीय कार्यसम्पादन समिति सदस्य, राप्रपा) बाह्रखरीबाट*

### पुजारीको वेशमा...

गरिएको सिराहाका प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

उक्त घटनापछि परेको किटानी जाहेरीको आधारमा तत्कालीन सगरमाथा अञ्चल अदालतका न्यायाधीश मीनबहादुर रायमाझीको इजलासले २५ पुस ०४६ को फैसलाअनुसार मुख्य योजनाकार मौजेलाललाई २० वर्ष कैद र ठकाईसहित अन्य मतियारहरूलाई एक वर्षसम्मको कैद सजायको फैसला सुनाएको जनाइएको छ। फैसलापछि केही समय अन्यत्र लुकेर बस्दै आएका ठकाई बहुदलीय व्यवस्था पुनर्स्थापना भएसँगै फेरिएको राजनीतिक माहोलमा गाउँ फर्किएर बाबु सुकदेव यादवले गर्दै आएको मन्दिरको पुजारीको काम गर्न थालेको बताइएको छ।

**जग्गा रोक्काले खुल्यो पोल**

उक्त घटनामा मतियारको रूपमा रहेका ठकाईबाहेक मुख्य योजनाकारसहित अन्य ११ जना प्रतिवादीहरू अदालतले सुनाएको कैद सजाय भुक्तान नै नगरी कालगतिले मृत्यु भइसकेको प्रहरीले जनाएको छ। अदालतले कैद सजायको फैसला सुनाएको भए पनि प्रतिवादीहरू फरार रहेकाले अदालतले फैसला कार्यान्वयन गर्न प्रतिवादीहरूलाई पक्राउ गरी अदालतमा पेस गर्न स्थानीय प्रहरीलाई पत्राचार गरेको थियो।

फरार प्रतिवादीमध्ये हेमनारायण चौधरीका भाइ दाजुको कारणले आफूहरूको जग्गा रोक्का भएको भन्दै स्थानीय प्रहरीमा पुगेपछि घटनामा संलग्न रहेका अन्य प्रतिवादीहरूको समेत खोजतलास गरिएको प्रहरीले जनाएको छ। उक्त घटनाको अन्तिम फैसला सुनाएका न्यायाधीश रायमाझी सर्वोच्च अदालतको १९औँ प्रधानन्यायाधीश बनेर सेवानिवृत्तसमेत भइसकेकाले अदालतको अन्तिम फैसलासम्बन्धी निर्णयको कागजात खोजेर यकिन गरिएको जनाइएको छ। प्रहरीका अनुसार घटनामा खरुकियाहीका मौजेलाल र ठकाईसहित रामप्रित यादव, उत्तिमलाल मलाह, शिवनारायण यादव, उदयनारायण यादव, हेमनारायण चौधरी, रजै यादव, रामबाबु यादव, सुरैतलाल चौधरी, हरिलाल मलाह र गुदरी मलाहलाई प्रतिवादी बनाएर जाहरी परेको थियो।

महेशपुरपतार प्रहरीले यसअघि पनि १ साउनमा बरियारपट्टी गाउँपालिका– ५ जिभौल गाउँका करिब ६० वर्षीय रामनाथ रायलाई कर्तव्य ज्यानसम्बन्धी घटना भएको १८ वर्षपछि पक्राउ गरेको थियो। प्रहरी निरीक्षक मल्लको कमान्डमा रहेको प्रहरी टोलीले रायलाई उनको आफ्नै घरमा लुकिछिपी बसिरहेको अवस्थामा पक्राउ गरेको थियो। ३ भदौ ०६५ बिहान करिब ९ बजेतिर बौधा रायकी श्रीमती करिब २५ वर्षीया चन्द्रिकादेवी रायलाई बौधासहित नातामा मामा पर्ने रामनाथ र अर्का एक गरी तीनजनाले कुटपिटसँगै धारिलो हतियार प्रहार गरी गम्भीर घाइते बनाएपछि उपचारको क्रममा १६ दिनपछि मृत्यु भएपछि फरार रहँदै आएका थिए।

# हरवा–चरवाले बुझाए मन्त्रीलाई ज्ञापनपत्र, १० दिनभित्र माग सम्बोधन नभए आन्दोलनमा जाने चेतावनी



जनकपुरधाम, ३० साउन। मुक्त हरवा–चरवा अधिकार मञ्चले हरवा–चरवा समुदायको लगत संकलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण प्रक्रिया तत्काल सुरु गर्नुपर्ने गर्दै मधेस प्रदेश सरकारका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री श्यामप्रसाद पटेललाई ज्ञापनपत्र बुझाएको छ। हरवा चरवाका पदाधिकारीहरुले मन्त्रालयमा पुगेर बुझाएको ज्ञापनपत्रमा मधेश प्रदेशका आठवटै जिल्लाका स्थानीय तहसँग प्रभावकारी समन्वय गरी हरवा–चरवा समुदायको लगत संकलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण प्रक्रिया तत्काल सुरु गर्न माग गरिएको छ।

भूमिहीन हरवा–चरवा परिवारको पहिचान गरी दीगो पुनर्स्थापना सुनिश्चित गर्ने स्पष्ट कार्ययोजना तत्काल स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने समेत हरवा चरवा मञ्चको माग छ। २०७९ साउन २ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले हरवा–चरवा प्रथाको अन्त्य घोषणा गरेको चार वर्ष पूरा हुन लाग्दा पनि समुदायले वास्तविक मुक्ति महसुस गर्न नसकेको उल्लेख गर्दै घोषणापछि कानुनी तथा औपचारिक मुक्ति भए पनि भूमि अधिकार, सुरक्षित आवास, सामाजिक सुरक्षा, सम्मानजनक रोजगारी, जीविकोपार्जन तथा आर्थिक पुनर्स्थापनाजस्ता मौलिक अधिकार अझै सुनिश्चित हुन नसकेको जनाइएको छ।

ज्ञापनपत्रमा घोषणा मात्र पर्याप्त नभई अधिकारको प्रभावकारी कार्यान्वयनमार्फत वास्तविक मुक्ति सुनिश्चित गर्नुपर्ने धारणा राखेको उल्लेख गर्दै मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा हरवा–चरवा समुदायको पूर्ण मुक्ति, भूमि अधिकार, सामाजिक सुरक्षा, आर्थिक पुनर्स्थापना तथा मर्यादित जीविकोपार्जन सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरेपनि उक्त प्रतिबद्धता हालसम्म ठोस कार्ययोजना, बजेट र कार्यान्वयन प्रक्रियामा रूपान्तरण हुन नसकेको जनाएको छ।

मञ्चका अध्यक्ष दशन खंग मण्डलले ज्ञापनपत्रमा उल्लेख गरिएका मागहरु १० दिनभित्र सम्बोधन नभए हरवा–चरवा समुदायको सक्रिय सहभागितामा व्यापक तथा चरणबद्ध आन्दोलन सञ्चालन गर्ने चेताबी समेत दिए। ज्ञापनपत्र बुझ्दै मन्त्री पटेलले हरवा चरवा समुदायको लगत संकलन, प्रमाणीकरण र परिचयपत्र वितरण गर्ने प्रदेश सरकार प्रतिबद्ध रहेको बताए।

आफुहरु हरवा हरवा समुदायको माग सम्बोधन गर्न विगतदेखि नै प्रयासरत रहेको र केही कानूनी जटिलताका कारण गर्न नसकिएको मन्त्री पटेलले बताए। उनले हरवा चरवाको मागलाई छिट्टै सम्बोधन गर्ने गरी पहल गर्ने प्रतिबद्धता व्यक्त गरे।

# मधेशमा कर्मचारीको तलब १० प्रतिशत बढ्यो, कार्यसम्पादनका आधारमा थप १० प्रतिशतसम्म पाउने

जनकपुरधाम, २९ साउन। मधेश प्रदेश सरकारले प्रदेश निजामती तथा स्थानीय सेवाका कर्मचारीको सुरु स्केलको आधारभूत तलबमा १० प्रतिशत वृद्धि गर्ने निर्णय गरेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश भवनमा शुक्रबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यको बुँदा नम्बर १११ मा गरिएको नीतिगत व्यवस्थाअनुसार साउन १ गतेदेखि लागू हुने निर्णय गरेको हो।




कर्मचारीको नयाँ तलबमान, ग्रेड रकम तथा अधिकतम ग्रेड संख्या स्वीकृत गरेको मन्त्री परिषद्का प्रवक्ता अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिए। स्थानीय सेवाका कर्मचारीको हकमा स्थानीय सेवा ( गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४४ (८) बमोजिम निर्णय प्रदेश राजपत्रमा प्रकाशन गरिने उनले बताए। त्यसैगरी, प्रदेश सरकारले कर्मचारीलाई कार्यसम्पादनका आधारमा सुरु तलब स्केलको अधिकतम १० प्रतिशतसम्म प्रोत्साहन भत्ता दिने कार्यविधि पनि स्वीकृत गरेको छ। कार्यसम्पादन मूल्याङ्कनमा १०० अङ्कमध्ये कम्तीमा ७५ अङ्क प्राप्त गर्ने कर्मचारीले मात्रै यस्तो भत्ता पाउनेछन्।

कार्यसम्पादन मूल्याङ्कनमा कार्य विवरण परिसूचकलाई ५० र वैयक्तिक तथा सार्वजनिक सेवा प्रवाह परिसूचकलाई ५० अङ्क दिइएको छ। प्रोत्साहन भत्ता प्राप्त गर्न विद्युतीय हाजिरी अनिवार्य गरिएको छ। मूल्याङ्कन, रुजु तथा सिफारिसका लागि प्रत्येक कार्यालयमा तीन सदस्यीय परीक्षण इकाइ गठन गर्न सिफारिस गरिएको छ।

बैठकले सरकारी खर्चमा मितव्ययिता, वित्तीय अनुशासन र पारदर्शिता कायम गर्न 'मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८३' समेत स्वीकृत गरेको छ। निर्देशिकाले सरकारी बजेट कार्यान्वयन र खर्चलाई व्यवस्थित गर्दै फजुल खर्च नियन्त्रणमा सहयोग पुग्ने सरकारको अपेक्षा छ। यस्तै, जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा परेको असर न्यूनीकरण गर्दै खाद्य सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले तयार गरिएको 'क्लाइमेटिक एडाप्टेसन इन्भेस्टमेन्ट प्लानिङ फर क्लाइमेट रेजिलियन्ट भ्यालु चेन्स फर फुड सिस्टम ट्रान्सफर्मेसन इन मधेश प्रदेश, नेपाल' सम्बन्धी अध्ययन प्रतिवेदन पनि मन्त्रिपरिषद्ले सर्वसम्मतिले अनुमोदन गरेको छ। प्रतिवेदनका निष्कर्ष र रणनीतिलाई कार्यान्वयनमा ल्याउने तथा सार्वजनिक पहुँचका लागि आधिकारिक रूपमा सार्वजनिक गर्ने निर्णयसमेत बैठकले गरेको छ। यसबाट मधेशको कृषि तथा खाद्य प्रणालीलाई जलवायु उत्थानशील बनाउन राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा निजी क्षेत्रको लगानी आकर्षित गर्ने सहयोग पुग्ने सरकारका अर्थमन्त्री भट्टराईको भनाइ छ।

# सिराहाबाट भारततर्फ लैजाँदै गरेको प्रतिबन्धित गाँजा बरामद



**मणिलाल विश्वकर्मा**

लहान, ३० साउन। सशस्त्र प्रहरी बलको गस्ती टोलीले सिराहाको सीमावर्ती औरही गाउँपालिका– ४, खजनपुर गाउँबाट करिब ५० किलो प्रतिबन्धित लागुऔषध गाँजा बरामद गरेको छ। सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिराहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाका अनुसार गणबाट खटिएको प्रहरी गस्ती टोलीले शुक्रबार बिहान करिब सवा ३ बजेतिर मोटरसाइकलमा लोड गरेर भारततर्फ लैजाँदै गरेको अवस्थामा ४९ किलो ७६० ग्राम प्रतिबन्धित गाँजा बरामद गरेका हो।

गाँजा लोड भएको भारतीय बिआर ३२ एम ३०५७ नम्बरको मोटरसाइकलका चालक भने प्रहरीलाई देखेपछि फरार भएकाले मोटरसाइकल र गाँजा बरामद गरी आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाउने तयारी गरिरहेको उनले बताए।

**साढे आठ क्विन्टल गाँजासहित चार पक्राउ**

पछिल्लो २३ दिनको अवधिमा नेपाल प्रहरी र सशस्त्र प्रहरीले जिल्लाको छुट्टाछुट्टै ठाउँबाट आठ क्विन्टल ४६ किलो ७१५ ग्राम गाँजा बरामदसँगै एक भारतीयसहित चारजना पक्राउ परेको सिराहा प्रहरीले जनाएको छ। प्रहरीका अनुसार २२ साउनको बिहान इलाका प्रहरी कार्यालय लहान र महेशबारीबाट खटिएको संयुक्त गस्ती टोलीले सखुवानन्कारकट्टी गाउँपालिका– ४ बाट९१ किलो २५ ग्रामसहित एकजना पक्राउ गरेको थियो। त्यसको अघिल्लो दिन सोही क्षेत्रबाट इलाका प्रहरी कार्यालय महेशबारीबाट खटिएको गस्ती टोलीले बोरामा प्याक गरिएको ५३ किलो ४६५ ग्राम प्रतिबन्धित गाँजाजस्तो पदार्थ बरामद गरेको थियो।

त्यसअघि प्रहरीले ६ साउनमा लहान नगरपालिका– ३, नयाँबस्तीस्थित स्थानीयको घर–कम्पाउन्डमा पार्किङ गरेर राखिएको फलफूल लोड भएको पिकअप भ्यानबाट ६५२ किलो गाँजाजस्तो देखिने पदार्थसहित तीनजनालाई पक्राउ गरेको थियो। प्रहरीले स्थानीय श्यामकुमारी साहको घर–कम्पाउन्डमा पार्किङ गरेर राखिएको बा.२१च ५८६६ नम्बरको भ्यानको पछाडि नासपती हालिएको प्लास्टिक क्रेटहरूमा ३१ वटा बोरा र दुईवटा प्लास्टिकमा लुकाएको गाँजाजस्तो पदार्थ बरामद भएपछि एक भारतीयसहित तीनजनालाई पक्राउ गरेको थियो।

### भाग्यमानी परनिया देवी :

# नगरप्रमुख कारबाहीमा पर्दा दुवै कार्यकालमा कार्यवाहक बन्ने संयोग


परनिया देवी




रौतहट, ३० साउन। रौतहटको देवाही गोनाही नगरपालिकाकी उपप्रमुख परनिया देवी पटेलले लगातार दोस्रो कार्यकालमा पनि कार्यवाहक नगरप्रमुखको जिम्मेवारी पाएकी छन्। नगरप्रमुख प्रेमलाल साह कानु दल त्यागका कारण पदमुक्त भएपछि उपप्रमुख पटेलले पुनः नगरपालिकाको नेतृत्व सम्हाल्ने अवसर पाएकी हुन्।

२०७४ सालको स्थानीय तह निर्वाचनमा नेकपा माओवादी केन्द्रबाट उपप्रमुख निर्वाचित भएकी पटेलले पहिलो कार्यकालमा नगरप्रमुख धर्मेन्द्र पटेल निलम्बनमा परेपछि लामो समय कार्यवाहक नगरप्रमुख भएर काम गरेकी थिइन्। तत्कालीन नगरप्रमुख धर्मेन्द्र पटेललाई २०७८ फागुन १५ गते भवन निर्माणको भुक्तानीबापत घुस लिएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पक्राउ गरेको थियो। उनी धरौटीमा रिहा भए पनि मुद्दाको किनारा नलागेकाले २०७९ को निर्वाचनसम्म परनिया देवीले नै कार्यवाहकका रूपमा नगरपालिकाको कार्यसम्पादन सम्हालेकी थिइन्।

२०७९ को निर्वाचनमा नेकपा एमालेबाट पुनः उपप्रमुखमा निर्वाचित पटेलको दोस्रो कार्यकालमा पनि उस्तै परिस्थिति दोहोरिएको छ। एमालेबाट निर्वाचित नगरप्रमुख प्रेमलाल साह कानु र वडा नम्बर ४ का अध्यक्ष रामप्रवेश प्रसाद कुर्मी आम जनता पार्टीमा आबद्ध भएपछि निर्वाचन आयोगले २०८३ साउन १५ गते उनीहरूको पद स्वतः समाप्त भएको सूचना प्रकाशित गरेको थियो। राजनीतिक दलसम्बन्धी कानुनअनुसार दल त्याग गरेपछि पद रिक्त हुने व्यवस्थाबमोजिम उनीहरू पदमुक्त भएका हुन्।

नगरप्रमुख पदमुक्त भएपछि शुक्रबार कार्यवाहक नगरप्रमुखको पदभार ग्रहण गर्दै पटेलले संविधानले सुनिश्चित गरेको स्थानीय स्वायत्तता, समावेशिता र भेदभावरहित सेवा प्रवाहको मर्मअनुसार काम गर्ने प्रतिबद्धता जनाइन्। उनले विकास निर्माण र सार्वजनिक सेवा प्रवाहमा कुनै राजनीतिक दल वा समूहप्रति भेदभाव नगरी सबैको साथ र सहभागितामा काम गर्ने बताइन्।

उनले भनिन्, 'नगरपालिकाको विकासका लागि जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, नागरिक समाज तथा स्थानीयवासीबिच सहकार्य र समन्वय आवश्यक छ। नगरवासीको हितलाई प्राथमिकतामा राखेर काम अघि बढाइनेछ।'

पदभार ग्रहण कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत पवनकुमार केसरी, वडा नम्बर १ की अध्यक्ष सफिना खातुन, वडा नम्बर २ का अतिकुर रहमान, वडा नम्बर ३ का सज्जय पटेल, वडा नम्बर ६ का विष्णुकुमार दास, वडा नम्बर ७ का उपेन्द्र राय यादव, वडा नम्बर ८ का विजय पटेल, वडा नम्बर ९ का वीरबहादुर साह लगायत जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि र इलाका प्रहरी कार्यालय देवाही गोनाहीका प्रहरी निरीक्षक तेजप्रसाद भट्टराईको उपस्थिति थियो। लगातार दुई कार्यकालमा नगरप्रमुखको पद रिक्त हुँदा नेतृत्व पाउने परनिया देवीको यो संयोग देवाही गोनाहीमा चर्चाको विषय बनेको छ।

# लहानमा टिभिएसको विद्युतीय स्कुटर 'अर्बिटर' सार्वजनिक




लहान, ३० साउन। टिभिएस कम्पनीले सिराहाको लहानमा विद्युतीय स्कुटर 'अर्बिटर' सार्वजनिक गरेको छ। कम्पनीको नेपालस्थित साझेदार जगदम्बा मोटर्सका क्षेत्रीय प्रबन्धक अर्जुन खनाल र लहानस्थित राज अटोमोबाइल्सका प्रबन्ध निर्देशक राज गुप्ताले शुक्रबार संयुक्त रूपमा स्कुटर सार्वजनिक गरेका हुन्। स्कुटरमा जडित मोबाइल एप, भाइजरसहित एलइडी हेडलाइट, इनकमिङ कल डिस्प्ले, एलसिडीलगायतका विशेषता रहेको क्षेत्रीय प्रबन्धक खनालले जानकारी दिए। उनका अनुसार एकपटकको चार्जिङमा कम्तीमा १५८ किलोमिटर माइलेज रहेको स्कुटरमा ग्राहकको अपेक्षा र चाहनाअनुरूप दैनिक बहुद्देश्यीय काम, अत्याधुनिक प्रविधि, एरोडाइनामिक डिजाइन, ३.१ किलोवाट क्षमताको ब्याट्री जडान गरिएकाले स्थिरता र कार्यक्षमता सुधारेको छ।

'मुलुकभर एकैपटक सार्वजनिक गरिएको स्कुटर दुर्घटना, ढलेको, चोरी, समयको पूर्वजानकारीसहित मोबाइल एपमार्फत ब्याट्री चार्जसहित ओडोमिटर जाँच हुन्छ।' त्यस्तै, आफ्नो अनुकूल सेटिङसहित टर्न–बाइ–टर्न दिशा निर्देश, एलसिडी डिजिटल क्लस्टरमा मोबाइल कल, एसएमएस र व्यक्तिगत एलर्ट, लोकेसन ट्र्याकिङ, आपतकालीन सूचना दिनेलगायतका विशेषता रहेको स्कुटरको सार्वजनिक गरिएपछिको मूल्य दुई लाख ८१ हजार नौ सय रुपैयाँ रहेको राज अटोमोबाइल्सका प्रबन्ध निर्देशक गुप्ताले बताए।

# मल अभावसँगै सहकारीको बदमासीले किसान मर्कामा

सिरहा, ३० साउन। सिराहाको औरही गाउँपालिका– ४, गणेशपुरका किसान मोतीलाल यादवलाई धानबालीमा हाल्न कम्तीमा ६ बोरा डिएपी मल आवश्यक छ। तर, उनले अहिलेसम्म एक बोरा मात्रै डिएपी पाएका छन्। रोपिसकेको धानको वृद्धि विकासका लागि डिएपी मल दुईपटक हाल्नुपर्ने भए पनि सहकारीमा मल नपाउने गरेको उनको गुनासो छ।

गणेशपुरकै अमितकुमार यादवले दुई बिघा धान खेतमा छर्न तीन बोरा मल आवश्यक भए पनि एक बोरा डिएपी मात्रै पाएको बताए। वडा कार्यालयको सिफारिसमा गाउँकै सहकारीबाट एक बोरा मल ल्याएर खेतमा छरेको उनले बताए।



औरही– ४ का वडाध्यक्ष सुरेन्द्रप्रसाद यादवका अनुसार वडाका किसानलाई लागि एक लटमा कम्तीमा दुई हजार बोरा डिएपी आवश्यक पर्छ। तर, वडाको कृषि सहकारीलाई कोटामा परेको पौने दुई सय बोरा डिएपी तीन दिनअघि मात्रै वितरण गरिएको थियो। संघीय सरकारले आपूर्ति गर्ने रासायनिक मल प्रदेश, जिल्ला, पालिका हुँदै वडासम्म कोटा निर्धारण गरेर पठाउँदा आवश्यकताभन्दा निकै कम मल आउने गरेको उनले बताए। यसका कारण किसानको आक्रोश जनप्रतिनिधिले खेप्नुपरेको उनको भनाइ छ।

गाउँपालिकाको कृषि शाखाका अनुसार ७ साउनको लटमा लहानस्थित कृषि सामग्री कम्पनीबाट गाउँपालिका क्षेत्रका ६ वटा कृषि सहकारीका लागि ८९० बोरा युरिया र ५६२ बोरा डिएपी वितरण गरिएको थियो। कृषि सामग्री कम्पनी लिमिटेड लहानका शाखा प्रबन्धक चेबनकुमार खड्काले कतिपय पालिकाका कृषि शाखाले विक्रेता रहेका स्थानीय सहकारीलाई समयमै सिफारिस नदिने, सिफारिस पाए पनि सहकारीले आफ्नो कोटामा परेको मल समयमै नलैजाने तथा आवश्यकताअनुसार वितरण नगर्दा समस्या हुने गरेको बताए।

उनका अनुसार ७ साउनको लटमा कोटा पाएका केही सहकारीले आन्दोलन र कर्फ्युजस्ता कारणले समयमै मल उठाउन सकेनन्। यसबारे किसानलाई जानकारी नहुँदा उनीहरूले अभावको समस्या भोग्नुपरेको खड्काले बताए।

साउनमा सिराहाका आठ नगरपालिका र नौ गाउँपालिका गरी १७ पालिकाका १७१ वटा विक्रेता कृषि सहकारीलाई २० हजार ५ सय बोरा युरिया र १३ हजार ३० बोरा डिएपी मलको कोटा छुट्याइएको थियो। तर, कतिपय सहकारीले समयमै मल नलैजाँदा किसानसम्म मल पुग्न नसकेको कम्पनीले जनाएको छ।

खड्काका अनुसार आगामी १ भदौमा अर्को लटको मलको कोटा सूची सार्वजनिक गरिनेछ। त्यसपछि किसानले युरिया र डिएपी मलको अभाव झेल्नुपर्ने उनको दाबी छ। सिराहाका १७ पालिकाका लागि २१ हजार ४४० बोरा अर्थात् एक हजार ७२ टन युरिया र २२ हजार ६८० बोरा अर्थात् एक हजार १३४ टन डिएपी आउने उनले जानकारी दिए।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा.-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)